नगर प्रहरी सेवा **करारमा सेवा लिने सम्बन्धी सूचना**

(सुचना प्रकाशित मिति :२०७४/१२/९ )

| क.सं. | विज्ञापन नं. | पद नाम | आवश्यक संख्या | पारिश्रमिक तथा सुविधा |
|---|---|---|---|---|
| १ | ८/०७४/७५ | नगर प्रहरी सहायक निरिक्षक | १ (एक) | नेपाल सरकारले तोकेबमोजिमको शुरु स्केल |
| २ | १०/०७४/७५ | नगर प्रहरी जवान | १० (दश) | नेपाल सरकारले तोकेबमोजिमको शुरु स्केल |

१. **शैक्षिक योग्यता र अनुभव (नमुना) :**

१.१ दरखास्त आव्हान गरेको सालको बैशाख १ गते १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको ।

१.२ नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नगर प्रहरी सहायक निरिक्षकको हकमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण तथा नगर प्रहरी जवानको हकमा एस.एल.सी वा सो सरह उत्तीर्ण गरेको ।

१.३ नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

१.४ कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

१.५ कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको ।

१.६ मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

१.७ महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको । ७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

१.८ आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

१.९ स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

१.१० नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

२. **दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

३. **छनौट सम्बन्धि मापदण्ड:**

**१. शैक्षिक योग्यता (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यताको आधारमा - २० (बीस) अंक**

१.१ ५०% वा GPA मा C+ वा सो भन्दा माथि प्राप्ताङ्क भएको वा सम्बन्धित विषयमा तोकिए भन्दा माथिल्लो शैक्षिक उपाधि भएको:– २० अंक

१.२ ३२% वा GPA मा D देखि ४९.९९% वा GPA मा D+ सम्म प्राप्त भएको:-१० अंक

**२. कार्यानुभव (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात:- २० (वीस) अंक**

२.१ नेपाल सरकारबाट संचालित कार्यक्रम अभियानका लागि नेपाली सेना नेपाल प्रहरीबाट तालिम प्राप्त भई सम्बन्धित काममा (म्यादी प्रहरी, राष्ट्रिय सेवा दल) कम्तीमा २ महिनाको कार्यानुभव भएको:- २५ अंक

२.२ एक बर्षसम्म सुरक्षागार्ड भई कार्यानुभव भएको:- १५ अंक

२.३ कार्यानुभव नभएको लाई:- १० अंक

**३ उम्मेदवारको स्थायी ठेगाना सम्बन्धी:- २५ अंक**

३.१ यस नगरपालिको स्थायी ठेगाना भएमा - २५ अंक

३.२ सोलुखुम्बु जिल्लाको स्थायी ठेगाना भएमा - १५ अंक

३.३ प्रदेश नं. १ को स्थायी ठेगाना भएमा - ५ अंक ।

**४. समावेशिता - ५ (पाँच) अंक,**

४.१ दलित, आदिवासी जनजाति: ५ अंक

४. **अन्तर्वाता सम्बन्धी व्यवस्था ३० (तीस) अंक,**

५. **विविध**

५.१ Short List मा उत्तीर्ण अंक ५० हुनेछ ।

५.२ Short List हुनेलाई Medical जाँच र शारिरीक परिक्षणमा उत्तीर्ण भए पश्चात मात्र अन्तर्वातामा सहभागी गरिनेछ ।

५.३ कार्यालय समय: कार्यालयले तोके अनुसार हुनेछ ।

५.४ सेवा अवधि: ३१ असार २०७५ सम्म ।

५.५ परीक्षा दस्तुर: नगर प्रहरी सहायक निरिक्षक रु. ७००।-, नगर प्रहरी जवान रु. ३००।-

**कार्यविवरणः**

***कर्मचारीको पद नामः*** *नगर प्रहरी सहायक निरीक्षक*

*काम गर्नुपर्ने स्थानः सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र*

*कर्मचारीको नामः*

*सुपरिवेक्षकः प्रशासन शाखा प्रमुख (शाखा अधिकृत)*

*प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीः प्रशासन शाखा प्रमुख (शाखा अधिकृत) मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष*

**कार्य विवरणः**

१. नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयनमा सहयोग गर्ने गराउने,
२. नगरपालिकाको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने गराउने,
३. नगरपालिकास्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने गराउने,
४. नगरपालिका क्षेत्रभित्रका बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने गराउने,
५. नगरपालिका क्षेत्रभित्रको सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन गराउने,
६. न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने गराउने,
७. सार्वजनिक, ऐलानी, पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने गराउने,
८. विपद् व्यवस्थापन सम्बन्धी खोजि, उद्दार, राहत तथा पुनर्स्थापना गर्ने गराउने कार्यमा नेपाल सरकार तथा प्रदेश सरकारका सुरक्षा निकायहरुसँग समन्वय गरी कार्य गर्ने गराउने,
९. अनधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण गर्ने गराउने,
१०. छाडा पशु चौपायाको नियन्त्रण गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।
११. अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने गराउने,
१२. सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने गराउने ।
१३. नगर क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने गराउने,
१४. सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रशासन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने वा भत्काउन लगाउने ।
१५. स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।
१६. रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।
१७. खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।
१८. वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।
१९. नगरपालिकाबाट ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।
२०. नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।
२१. विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।
२२. नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।
२३. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।
२४. नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।
२५. नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।
२६. अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

२७. नगरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

२८. नगरपालिकाको क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

२९. दमकल (Fire Brigade) सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

३०. नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

३१. नगरपालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

३२. नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

३३. माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

३४. नगरकार्यपालिकाको कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

**_कार्यविवरणः_**

*कर्मचारीको पद नामः* ***नगर प्रहरी जवान***

*काम गर्नुपर्ने स्थानः सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र*

*कर्मचारीको नामः*

*सुपरिवेक्षकः नगर प्रहरी सहायक निरिक्षक*

*प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीः प्रशासन शाखा प्रमुख*

**कार्य विवरणः**

१. नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयनमा सहयोग गर्ने,
२. नगरपालिकाको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,
४. नगरपालिका क्षेत्रभित्रका बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने,
५. नगरपालिका क्षेत्रभित्रको सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वियन गर्ने कार्यमा सहयोग गर्ने,
६. न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयनमा सुपरिवेक्षकलाई सहयोग गर्ने,
७. सार्वजनिक, ऐलानी, पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,
८. विपद् व्यवस्थापन सम्बन्धी खोजि, उद्दार, राहत तथा पुनर्स्थापना कार्य गर्ने,
९. अनधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण गर्ने,
१०. छाडा पशु चौपायाको नियन्त्रण गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने,
११. अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,
१२. सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउने,
१३. नगर क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला व्यवस्थापन कार्यमा सहयोग गर्ने,
१४. सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको भए रोक लगाउने,
१५. स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने,
१६. रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने ।
१७. जोखिमपूर्ण घर पर्खाल, रुख भए सोको जानकारी सुपरिवेक्षक समक्ष तुरुन्त गर्ने ।
१८. वडा समिति, टोल सुधार समितिको सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्यमा सहयोग गर्ने ।
१९. ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न सहयोग गर्ने र सोको जानकारी सुपरिवेक्षकलाई गराउने ।
२०. नगरपालिकाले निषेध गरेको विज्ञापन, प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यलाई नियन्त्रण गर्ने ।
२१. नगरपालिकाको ईजाजत विना विज्ञापन सामाग्री राखेको पाईएमा सुपरीवेक्षकलाई जानकारी गराउने,
२३. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने र सोको जानकारी सुपरिवेक्षक समक्ष पेश गर्ने ।
२४. नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलाप भइरहेको जानकारी प्राप्त भएमा तुरुन्त सुपरिवेक्षकलाई सूचित गर्ने,
२६. अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने उपकरण प्रयोग गर्न नदिने ।
२७. नगरमा ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालन भइरहेकोमा त्यस्ता कार्यको जानकारी सुपरिवेक्षकलाई दिने ।
२९. उल्लिखितकार्यहरु सम्पादन गर्ने गराउने कार्यमा नगर प्रहरी हवल्दार प्रति पूर्ण जिम्मेवार र जवाफदेही रहने ।